# तिमीले के देख्यौ

**Pastor S. James**

**March 30th, 2023**

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद संसार अशान्तिमा चलिरहेको बेलामा पनि प्रभु तपाइले हामीलाइ शान्तिमा चलाउनु भएको छ । तपाइ हाम्रो असल गोठालो हुनुहुन्छ । प्रभु तपाइ को बाटोमा शुरक्षा र शान्ति छ हामीलाइ तपाइ को बाटोमा हिड्न सिकाउनुहोस् । बिश्वास को यो जीवन कसरी जीउनु हामीलाइ सिकाउनुहोस् । यो बचन पढेर बुझेर तपाइमा अगाडि बढ्न हामीलाइ पबित्र आत्मा अभिशेक गर्नुहोस् । यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*

हामी बिश्वासीहरु बिश्वासमा जीउन को लागी बोलाइएका हौ । बिश्वासी को लागी अर्को जीवन नै छैन । रोमी १ को १७ , गलाती ३:११ , हिब्रु १०:३८ यो बिश्वास को पदहरु हामीले याद गर्नु पर्छ र साथै १ कोरिन्थी ५:७ हामी बिश्वासमा हिड्छौ देखीने कुरा को आधारमा होइन । बिश्वासमा चल्न को लागी मुख्य कुरा यो हो की

रोमी १२:२ [2]सांसारिक स्तरमा आफूलाई परिवर्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र सम्पूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्तो लाउन सर्मथ हुने छौ।

बिश्वासमा चल्ने ब्यक्तिहरु परमेश्वर को इच्छा पुरा गर्दछन् । परमेश्वर को इच्छामा चल्नलाइ यो पदमा तिन कुरा लेखेको छ । परमेश्वरलाइ मन पर्ने , ग्रहण योग्य र सिद्ध इच्छा मतलब परमेश्वर को इच्छा पुरा गर्नको लागी सबै भन्दा पहिला मन पुरा रुपमा मन को परिवर्तन हुनुपर्छ । संसारको ढाचामा नचल लेखेको छ । धेरै बिश्वासीहरु अगाडि बढ्न नसकेको कारण मन को परिबर्तन भएको हुदैन । हामीले गर्ने कुनै पनि कुरा को पहिला बिचार मनमा हुन्छ । पुरानो मनले परमेश्वरको बचनलाइ अर्कै प्रकारले देख्छ । हाम्रो मन परिवर्तन भएको छैन भने हामीले जति बचन सुने पनि हामीमा बिश्वास आउदैन । र हामी बिश्वासमा अगाडी बढ्न सक्दैनौ । हामीले बचन जति सुने पनि हामी बिश्वासमा चल्दैनौ । यदि हामीले पुरा बाइबल कण्ठ गरेको छ तर मनको परिवर्तन भएको छैन भने हामीले बचनमा बिश्वास राख्न सक्दैनौ । फरिसीहरुले पुरानो नियम पुरा याद गरेका थिए र पनि मन को परिवर्तन भएन जब सम्म मन को परिवर्तन हुदैन तब सम्म परमेश्वर को इच्छा के हो हामीलाइ थाहाँ हुदैन । उद्धार को पछि पत्रुसले बिश्वासीहरुलाइ भने यो दुष्ट पुस्ता बाट अलग बस । र त्यो बचन मान्नेहरुलाइ बप्तिष्मा दिए । त्यो बप्तिष्मा लिएका मान्छेहरु पहिला प्रेरित को शिक्षा को लागी आए । र उनीहरु यो संसार बाट अलग भए र परमेश्वरको राज्यको भाग भए अब उनीहरुको मन को सोच बिचार बदल्नु पर्छ । यरुसलेहेमको मण्डली को मान्छेलाइ पनि परमेश्वर को इच्छा के हो थाहाँ हुन सक्दैन । त्यसकारणले मण्डली भनेको एउटा कक्षा जस्तै हो । शुरुमा स्कुल जानु अगाडि को उसको मन १० शाल पछि स्कुल सकिए पछि उसको मन एउटै हुदैन । अब को उसको मन पुरा रुपमा परिबर्तन भएको हुन्छ । जो उद्धार भएको ब्यक्ति मण्डलीमा आउछ उसको मन पुरा रुपमा परिबर्तन हुनुपर्छ । उद्धार को कुरा गर्दा निकोदोमस संग

यूहन्ना ३:३ [3]येशूले उत्तर दिनु भयो, "म तिमीलाई सत्य कुरा भन्छु। मानिस फेरि एकपल्ट जन्मनु पर्छ। यदि मानिस फेरि जन्मेन भने, त्यसले परमेश्वरको राज्यमा प्रवेश पाउने छैन।"

उद्धार हुनको लागी हाम्रो माथि देखी नयाँ जन्म हुनु पर्छ । नयाँ जन्म भए पछि यूहन्ना १ को १२ अनुसार एउटा नयाँ पिता पनि हुन्छ । अब जन्म पनि नयाँ जन्म भयो , परमेश्वर हाम्रो पिता हुनुभयो , त्यसपछि हाम्रो नागरिकता पनि बदलियो । सबै बदलियो । पुरानो कुरा बिती गयो सबै कुरा नयाँ भयो । त्यस कारणले पुरानो जीवन बाट नयाँ जीवन पाउने मान्छे सबै कुरामा नयाँ हुनुपर्छ । यो जीवनमा धेरै बाधाहरु छन् । ति बाधाहरुमा शंका ,चिन्ता , फिर्कि , अबिश्वास , नाता आदि अब्राहाम को लागी बिश्वास को जीवनमा नाता नै बाधा बन्यो । बिश्वास को पिता अब्राहम को लागी आफ्नै बाबा पिता बिश्वासमा बाधा भयो । घर छोडेर हारानमा आयो हारान बाट काहि जादैन कारण बाबा त्यहाँ बाट जान चाहेनन् । त्यसकारण जब सम्म बाबा मरेन तब सम्म अब्राहाम हारानमा नै बसे । त्यसकारण बाइबलले भन्छ अबिश्वासी संग नाता नजोड्नु कारण त्यस्तो नाता बिश्वासमा बाधा हुन्छ । प्राय हामी सबै अबिश्वासी परिवार बाट नै उद्धार पाएका हौ । जब हाम्रो असल प्रकारले उद्धार भयो सबै भन्दा पहिला समस्या हाम्रो नाता संग भयो । त्यस पछि हाम्रो बाधा

उत्पत्ति १२:७ [7]त्यहाँ परमप्रभु अब्रामको अघि प्रकट हुनुभयो अनि भन्नुभयो, "म तेरो सन्तानहरूलाई (अनि अरू कसैलाई पनि होइन) यो भूमि दिनेछु।"अब्रामले त्यस ठाउँमा जहाँ परमप्रभु तिनी अघि प्रकट हुनु भएको थियो। पूजाको निम्ति वेदी बनाए।

प्रतिज्ञाको देशमा अब्राहाम आए त्यसपछि उनले त्यहाँ परमेश्वरको एउटा बेदी बनाए । प्रतिज्ञाको देशमा अनिकाल आयो । यो समस्या बाट उनी निक्ले कारण अब्राहाम संग एउटा परमेश्वर को बेदी थियो । अनिकाल हाम्रो बिश्वास को जाचँ हो । अनिकाल आउछ । जो यो अनिकाल बाट बाहिर आउछ उनीहरु को जीवनमा बेदी हुन्छ । जसको जीवनमा बेदी छैन उनीहरुको जीवनमा अनिकाल आउदा उनीहरु बिश्वासममा ढल्छन् । त्यस पछि उठ्न को लागी सजिलो हुदैन । धेरै बिश्वासीहरुको जीवनमा आफ्नै एउटा बेदी हुदैन मण्डली आउछन् पाष्टर बाट बचन सुन्छन् । त्यसपछि बाकि दिनहरुमा आफ्नो एउटा बेदी हुदैन । आफ्नै जीवनमा बेदी भएन भने त्यस्ता बिश्वासीहरु लड्छन् । मोशाको जीवनमा बेदी थियो । जब मोशा ४० दिन इजरायलीहरुको जीवन बाट टाढा गयो सबै इजरायलीहरुले मुर्ति पुजा गर्न सुरु गरे कारण उनीहरुको जीवनमा आफ्नै एउटा बेदी थिएन । हारुणको जीवनमा पनि बेदी थिएन ।

बेदीमा तिन कुरा हुनु पर्छ पहिला बेदी को लागी ठाउ हुनु पर्छ । ठाउ कौसी , कोठा , स्टोर रुम , किचन काहि पनि हुनसक्छ तर ठाउ चाहियो । दोस्रोमा समय दिनुपर्छ । कुन कुन समय परमेश्वरलाइ दिने हो त्यो छुट्याउनु पर्छ । तेस्रोमा बलिदान हुनुपर्छ । यो बलिदान शरीरको बलिदान हो । मतलब हाम्रो शरीर त्यस बेदीमा लिएर जानु पर्छ । अब्राहाम को जीवनमा हेर्‍यौ भने शेकेममा बेदी बनाए । त्यसैगरी बेथेलमा बेदी बनाए । हेब्रोनमा बेदी बनाए । यरुसलेममा पनि बेदी बनाए । जाहाँ जाहाँ अब्राहाम गए त्यहाँ त्यहा उनले बेदी बनाए । अब्राहाम धेरै पटक लडे । उनले बेदी बनाएको कारणले गर्दा उनी पटक पटक उठ्न सफल भए । यदि हाम्रो जीवनमा बेदी छैन भने हामी उठ्न सक्दैनौ । बिश्वासको पिता अब्राहाम बाट हामीले मुख्य कुरा हाम्रो जीवनमा बेदी बनाउनु पर्छ भन्ने सिक्नुपर्छ । त्यो बेदीमा प्रार्थना , बलिदान , प्रकास सबै कुरा हुन्छ । हामी कुन बाटोमा जाने हो भन्ने प्रकास हामीले बेदीमा पाउछौ ।

रोमी १२:१-२ सैले दाज्यू-भाइहरू र दिदी-बहिनीहरू, केही गर भनेर म बिन्ती गर्दछु। परमेश्वरले हामीलाई ठूलो दया देखाउनुभयो। यसकारण परमेश्वरलाई प्रसन्न गर्दै आफ्नो जीवनलाई जीवित बलिदानको रूपमा अर्पण गर। यही तिमीहरूको आत्मिक उपासना हो।
2 सांसारिक स्तरमा आफूलाई परिवर्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र सम्पूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्तो लाउन समर्थ हुने छौ।

बेदीमा बलिदान हुन्छ । बलिदान शरीरको हुन्छ । शरीर को बलिदान मतलब बेदी को लागी ठाउ मात्र तयार गरेर हुदैन । बेदी को लागी ठाउ तयार गरे पछि शरीरलाइ त्यो जगामा लिएर जानु पर्छ यो हो शरीर को बलिदान । जब हामी शरीर आत्मिक रुपमा बलिदान गरेपछि त्यहाँ परमेश्वर को उपस्थिती हुन्छ । यो शरीर को बलिदान को लागी पनि समय हुन्छ बिहानै बिहानै बेलुका ।

उत्पत्ति १२:१० 10 त्यस समय त्यहाँ अनिकाल चलिरहेको थियो। त्यहाँ अनिकाल अत्यन्तै भएकोले तिनी केही समयको निम्ति मिश्र देशतिर लागे।

बेदी भएको देशमा अनिकाल पर्दैछ । किनभने परमेश्वरले त्यहाँ नै जाचँ गर्नुहुन्छ । अनिकाल भन्नाले केहि कुराको खाचो छ । त्यो पैसा को हुन सक्छ । माया को हुन सक्छ । स्वस्थ्य को हुन सक्छ । अनिकाल पर्दा अब्राहाम बेदीमा गएनन् ।

11 तिनी मिश्र देशमा पस्न मात्र लागेका थिए, तिनले आफ्नी पत्नी साराईलाई भने, "हेर, म जान्दछु तिमी सुन्दरी नारी छ्यौ।
12 जब मिश्र देशीहरूले तिमीलाई देख्नेछन् तिनीहरूले भन्नेछन् त्यो स्त्री मानिस मेरी पत्नी हुनु पर्छ र तिनीहरूले मलाई मार्नेछन्। तर तिमीलाई जीवित राख्नेछन्।
13 यसकारण दया गरी तिनीहरूलाई भनी देऊ तिमी मेरी बहिनी हौ, यदि तिमीले यसो भन्यौ भने, त्यो मेरो निम्ति राम्रो हुन सक्छ अनि ति

अनिकाल पर्दा खेरी अब्राहाम बेदीमा नगएर मिश्र देशमा जान्छन् र आफ्नो श्रीमतीलाइ बैनी बनाउछन् ।

14 अब्राम मिश्र देश भित्र पसे अनि त्यहाँका मानिसहरूले साराईलाई सुन्दरी देखे।
15 केही मिश्र देशी अधिकारीहरूले राजा फिरऊनलाई साराईको सुन्दरताको विषयमा सुनाए। तिनीहरूले साराईलाई फिरऊनकहाँ लगे।
16 फिरऊनले अब्रामसित राम्रो व्यवहार गरे कारण तिनलाई फिरऊनले साराईको भाइ सम्झे अनि उनले अब्रामलाई भेडा, गाई-वस्तु, गधा तथा पुरुष अनि महिला सेवकहरू र ऊँटहरू पनि दिए।

अब्राहमले इमान्दारी बेचिदिए जसले गर्दा उनले संसार को कुरा पाए ।

17 फिरऊनले अब्रामकी पत्नी साराईलाई राखेकोले परमप्रभुले फिरऊन र उसको परिवारमाथि कष्टदायक रोगहरू पठाउनु भयो।

अब्राहामले फारो को घरमा नास लिएर आयो । युसुफले पोतिफर को घरमा उन्नती लिएर आयो दुबै मिश्र देशमा नै हो । एउटा संसारीक ढाचामा अगाडि बढेको ।र अर्को परमेश्वरमा बढेको ।

18 यसर्थ फिरऊनले अब्रामलाई बोलाएर भने, "तिमीले मेरो निम्ति एकदमै नराम्रो काम गर्‍यौ तिमीले साराईलाई तिम्री पत्नी भनी बताएनौ। किन?

अन्यजातीले बिश्वासीलाइ यो पदमा सिकाउदैछन् । बिश्वासी अबिश्वासी को लागी ज्योति बन्नु पर्नेमा अविश्वासी बिश्वासी को लागी ज्योति बन्यो । कहिले काहि सैतान होइन परमेश्वर हाम्रो बिरोधमा हुनुहुन्छ । यति खेर अब्राहाम बिश्वासमा आएको छ तर उसको मनको परिबर्तन भएको छैन । जसको कारण अब्राहामले देख्न सकेको छैन । अब्राहामको सारा जीवन चार देशमा छ । उर , हारान , मिश्र , र प्रतिज्ञाको देश । तिन देशमा बेदी छैन । एउटा देशमा मात्र बेदी छ । पलिस्तीहरु को देशमा गएको कारण दाउद १६ महिना बास गर्दा उनको जीवनमा बेदी र प्रसंसा र आराधना थिएन ।

उत्पत्ति १३:१-४ ब्रामले उसकी पत्नी, भतिजो लूत अनि तिनीसंग भएका अन्य सबै वस्तुहरू लिएर नेगेब हुँदै मिश्र देश छोडे।
2 यस समय अब्राम निकै धनी थिए कारण तिनीसँग धेरै गाई-वस्तु र धेरै सुन-चाँदीहरू थिए।
3 अब्रामले नेगेब पार गरे अनि बेतेल गए अनि त्यो स्थान बेतेल अनि ऐ शहरहरूको बीचमा आइपुगे।
4 त्यहाँ पाल बनाएका थिए अनि वेदी पनि बनाएका थिए। यसर्थ अब्रामले त्यहाँ परमप्रभुलाई उपासना गरे।अब्राम अनि लूत छुट्टीए

एउटा मान्छेको जीवनमा बेदीको अनुशासन छैन भने उसको जीवनमा गढबढ भए पछि काहाँ फर्केर जान्छ ? पलिस्तीहरुको देशमा १६ महिना अन्धकारमा बसेर अन्तिममा सिक्लगमा सबै गुमाए पछि दाउदले आफ्नो पुरानो जीवन को अनुशासन याद गरे र एबियातार संग एपोद ल्याउ भनेर भने । हाम्रो जीवनमा पनि परमेश्वरको बेदीमा जाने अनुशासन हुनु पर्छ । नयाँ बिश्वासीहरुलाइ पनि यो अनुशासन सिकाउनु पर्छ । हाम्रो परिवारमा सबै मिलेर संगती गर्ने प्रार्थना गर्ने बेदी हुनुपर्छ । त्यसपछि जसरी परमेश्वरले म अब्राहाम , इसहाक र याकुब को परमेश्वर भन्नुभयो त्यसैगरी परमेश्वर आएर हामीलाइ पनि म तिम्रो परमेश्वर हु भनेर भन्नुहुन्छ ।

उत्पत्ति १२:५ 5 अब्रामले आफ्नी पत्नी साराई, उसको भतिजो लूत, आफूसित भएका कमारा-कमारीहरू र हारानमा आफ्नो जे जति थियो लिएर कनान गए।

लुत प्रतिज्ञा को देशमा छ। उ बिश्वासी हो तर उसको जीवनमा बेदी छैन। त्यसै गरी आज धेरै बिश्वासीहरु लुत जस्तै छन् उनीहरु बिश्वासी त हुन् तर उनीहरु को जीवनमा बेदी छैन। उत्पत्ति को पुस्तकमा ५० अध्याय छ। त्यसमा धेरै माहान ब्यक्तिहरु को इतिहास हामी पाउछौ जस्तै हाबेल ,हनोक, नुह , अब्राहाम , इसहाक याकुब ,युसुफ त्यसको बिचमा हामीलाइ चेतावनी दिन को लागी लुतको बारेमा धेरै अध्याय छ। येशुले पनि अन्तको दिनमा लुत को श्रीमतीलाइ याद गर्नु भनेर चेतावनी दिनुभयो। अन्तको दिनको लागी जोडेर येशुले लुत र लुत को श्रीमती को बारेमा भनेर हामीलाइ चेतावनी दिनुभयो। तिमीहरु यस्तो बिश्वासी नहुनु किनकी यिनीहरुको जीवनमा बेदी छैन। मिश्र देशमा जाने सबै बिश्वासीहरु एकै तरीकामा फर्केर आउदैनन्। अब्राहाम र लुत दुबै जना मिश्र देशमा गए। अब्राहम र लुत दुबैले उन्नती पाए। अब्राहम फर्केर आए पछि बेदी बनाए। तर लुत फर्केर आए पछि बेदी बनाएनन्। परमेश्वर को बेदी ले हामीलाइ दिन दिनै चोखो पार्ने काम गर्छ। त्यसैले हामी हर दिन परमेश्वर को उपस्थीतीमा जान को लागी एउटा बेदी बनाउनु पर्छ।

प्रस्थान ३:४-५ [4]जब परमप्रभुले मोशालाई त्यो दृश्य ध्यान पूर्वक हेर्न आएको देख्नुभयो परमप्रभुले पोथ्राबाट यसो भन्दै बोलाउनु भयो, "मोशा! मोशा!"मोशाले उत्तर दिए, "म यहाँ छु।"
[5]तब परमेश्वरले भन्नुभयो, "नजिक नआऊ। जुन ठाउँमा तिमी उभिरहेका छौ त्यो भूमि पवित्र हो यसर्थ आफ्नो जुत्ता खोल।

यहोशु ५:१३-१५ [13]जब यहोशू यरीहोको नजिक थिए उनले माथितिर हेरे अनि आफ्नो अघि एकजना मानिसलाई उभिरहेको देखे। त्यो मानिसको हातमा एउटा तरवार थियो। यहोशू त्यस मानिसकहाँ गए र सोधे, "तपाई हाम्रा मानिसहरूको मित्र हुनुहुन्छ, अथवा शत्रु?"
[14]त्यस मानिसले उत्तर दिए, "म शत्रु होइन। म परमप्रभुको सैनिकहरूका कप्तान हुँ। म भर्खरै तिमी कहाँ आएको छु।" तब यहोशूले भूइँतिर आफ्ना शिर झुकाए। तिनले सम्मान जनाउन यसो गरे। तिनले सोधे, "म तपाइको सेवक हुँ। के मेरो मालिकबाट मलाई केही सन्देश छ?"
[15]परमप्रभुका सेनाका कप्तानले उत्तर दिए, "तिम्रो जुत्ता खोल। जहाँ तिमी उभिरहेको छौ त्यो स्थान अहिले पवित्र छ।" यसर्थ यहोशूले उसको आज्ञा पालन गरे।

यसको आत्मिक सत्य येशुले आफ्नो चेलाहरुलाइ प्रकट गर्नुहुन्छ।

युहन्ना १३:१० [10]येशूले भन्नुभयो, "नुहाइसके पछि एक मानिस सम्पूर्ण रूपले सफा हुँदछ। उसको खुट्टामात्र धुनु पर्दछ। तिमीहरू सबैजना शुद्ध छौ तर कोही कोही मात्र छैनौ।"

जब येशुले आफ्ना चेलाहरु को खुट्टा धुदै गर्दा पत्रुसले भने गुरु ज्यु मेरो खुट्टा नधुनुहोस् तब येशुले भन्नुभयो यदी मैले तिम्रो खुट्टा धोइन भने तिमी मेरो भाग हुन सक्दैनौ। तब पत्रुसले भने त्यसोभए मलाइ नुहाइ दिनुहोस्। येशुले भन्नुभयो तिमीले नुहाइ सक्यौ अब खुट्टा मात्र धुनुपर्छ। नुहाउने एउटा आत्मिक सत्य हो खुट्टा धुने अर्को आत्मिक सत्य हो। नुहाउने भनेको हाम्रो हृदय सुद्ध पार्ने हो। हर दिन बचन सुनेर हामी सुद्ध भएका छौ। तर हर दिन हामी संससारमा जादा सबै भन्दा पहिला खुट्टाले जमीन छुन्छ त्यसैले खुट्टा धुन जरुरी छ। हृदय सुद्ध छैन भने खुट्टा धोए पनि केहि फाइदा छैन।

युहन्ना १३:२ [2]येशू र उहाँका चेलाहरूको, निम्ति बेलुकाको भोजन थियो। शिमोन इस्कारयोतीको छोरा यहूदालाई येशूको विरुद्ध हुने कुरा अघिबाटै शैतानले प्रेरित गराएको थियो।

यहुदा इस्कारयोती को पनि येशुले खुट्टा धुनुभयो। तर उसको हृदयमा सैतान बास गरीसकेको थियो। जसले गर्दा खुट्टा धोएर केहि फाइदा भएन। येशुले भन्नुभयो तिमीहरु सबै नुहाइसकेका छौ एक जना मात्र नुहाएको छैन। खुट्टा धुने भनेको बाहिर बाट घर फर्के पछि चप्पल फुकालेर खुट्टा धुने कुरा गरेको होइन। जब हामी संसार बाट घर भित्र पस्दा बिभिन्न संसारीक कुराहरु हामी संगै आउन सक्छ। त्यसैले घर भित्र पस्न बितिक्कै चिया पिउदै पिउदै परमेश्वर को आराधना नत्र भने परमेश्वरको बचन सुन्नु हो। यो आराधनाले हाम्रो हृदय भित्र पसेको संसारीक कुरालाइ सफा गर्छ। यो हामीले हर दिन गर्नु पर्छ। येशु को अन्तिम शिक्षा चेलाहरु को लागी यो हो। मिश्र देशमा एक दम ज्ञानी भएको मोशालाइ परमेश्वरले भन्नुभयो तेरो जुत्ता निकाल। यहोसु संग भन्नुभयो जुत्ता निकाल नत्र भने यरियो कसरी कब्जा गर्ने सिकाउदा तिमीले बुझ्न सक्दैनौ कारण जुत्ता सांसारीक मन हो। त्यसकारणले बिश्वासी को पहिलो कुरा मन को परिबर्तन हुनुपर्छ। हामीले हाम्रो हर दिन खुट्टा धुनु पर्छ। मतलब हर दिन हाम्रो घरमा बाहिर धेरै घण्टा बिताएर आए पछि हाम्रो संसारको धुलो ले गर्दा मैला भएको खुट्टा धुने एउटा बेदी हुनुपर्छ। यदि बेदी छैन भने अन्तमा गएर धेरै बिश्वासीहरुले परमेश्वरलाइ तिरस्कार गर्छन्।

उत्पत्ति १३:७ [7]त्यसै समयमा त्यस भूमिमा कनानी परिज्जी मानिसहरू पनि बस्थे। अब्राम र लूतका गोठालाहरू एक-अर्कासंग झगडा गर्न थाले।

यो दुइ वटा बिश्वासीहरु को बिचमा झगडा भयो बिश्वासी र अबिश्वासी को बिचमा होइन।

[11]यसर्थ लूतले आफू बस्नको निम्ति यही भूमि रोजे र ती दुइ व्यक्तिहरू छुट्टीए अनि लूतले पूर्वतिर यात्रा शुरू गरे।

झगडा को कारण अन्तमा छुट्टिए। अन्तमा बिश्वासीहरु को बिचमा फुट आयो र छुट्टिए।

लुका २२:२३ [23]त्यसपछि प्रेरितहरू आपसमा कुरा गर्न लागे, "हामी मध्ये कसले चाँहि येशूलाई त्यसो गर्छ होला?"

प्रेरितहरु को बिचमा पनि फुट आयो र छुट्टिए।

प्रेरित १६:२९ 39 पावल र बर्णाबास माझमा यस विषयमा गहन चर्चा भयो। तिनीहरू छुट्टीए अनि भिन्दा भिन्दै बाटो लागे। बर्णाबास मर्कूसलाई लिएर समुद्र यात्रा गर्दै साइप्रसतिर लागे।

पावल र बर्णबास को बिचमा पनि फुट आयो र छुट्टिए ।

उत्पत्ति १३:८ [8]यसर्थ अब्रामले लूतलाई भने, "हामीहरू सबै दाज्यू-भाइहरू हौ, यसर्थ तँ र म अथवा तेरा मानिसहरू र मेरा मानिसहरू भनेर झगडा हुनु हुँदैन।

अब्राहामले भने हामी दाजुभाइ झगडा गर्नु हुदैन ।

मत्ति ५:९ [9]धन्य शान्ति मेल-मिलाप गराउनेहरू, किनभने परमेश्वरले तिनीहरूलाई आफ्ना पुत्र भन्नुहुनेछ।

हिब्रु १२:१४ 14 सबैसित शान्तिपूर्वक बस्ने कोशिश गर अनि पापदेखि मुक्त जीवन बिताऊ। यदि कसैको जीवन पवित्र छैन भने उसले प्रभुलाई देख्नेछैन।

हितोपदेश १५:१८ [18]एउटा क्रोधित मानिसले झगडा मच्चाउँछ तर सहनशील मानिसले झगडालाई शान्त गराउँछ।

त्यसकारण हामीले हाम्रो रिसलाइ कन्ट्रोल गर्नु पर्छ । जीवन भरीको प्रेम एक क्षणमा जान सक्छ । याकुबले भन्छ मान्छेको रिसले परमेश्वरको धार्मीकता लिएर आउदैन । केन रिसमा फस्यो र अन्तमा आफ्नै भाइलाइ मारिदियो ।

हितोपदेश १६:२८28 एकजना झगडालु मानिसले सधैं बहसहरू सृजना गर्छ, अनि एकजना निन्दा गर्नेले घनिष्ट मित्रहरू बीच लडाइँ गराउँछ।

हितोपदेश १७:१ प्रत्येक मानिसले झगडा गर्दै खाद्ययन्ले भरिएको घरमा बस्नु भन्दा एक टुक्रा सूख्खा रोटी खाँदै शान्तिमा बस्नु असल हो।

बचनले भन्छ बुद्धिमति स्त्रीले आफ्नो घर बनाउछे । त्यसैले घरमा शान्ति को वातावरण दुबै पति पत्निले स्थापना गर्नुपर्छ । त्यसैले हामीले परमेश्वर संग भन्नुपर्छ परमेश्वर मलाइ मेरो परिवारलाइ शान्तिमा ल्याउने बनाउनुहोस् । अब्राहाम मिश्र देशमा जादा आफ्नो श्रीमतीलाइ बहिनी भनेको कारण उसको जीवनमा निरासा आयो । परमेश्वरको कृपाको कारण उसले आफ्नो श्रीमती फेरी पायो । यो अवस्था बाट गएको अब्राहाम नम्र भयो तर लुत त नम्र भएको छैन । अब्राहम नम्र भएर भन्यो हाम्रो बिचमा झगडा हुनुहुदैन कारण हामी नातेदार हो । येशुले भन्नुभयो म बाट यो सिक म नम्र छु तिमीहरु पनि नम्र होओ । जब हामी गल्तिहरु गर्छौ जब परमेश्वरले हामीलाइ त्यस गल्तिहरु बाट बचाएर यहाँ सम्म लिएर आउदा हामी अझै बढि नम्र हुनुपर्छ कठोर हुनुहुदैन ।

१ कोरिन्थी ३:३ [3]तिमीहरू अझै पनि आत्मिक मानिस बनेका छैनौ। आपस्तमा तिमीहरूको इर्ष्या र झगडा छँदैछ। यसले बुझाउँछ तिमीहरू आत्मिक होइनौ। संसारका मानिसहरूको जस्तै तिमीहरूको व्यवहार छ।

हामीहरु को बिचमा ढाह छ र कलह छ त्यो संसारीक हो ।

फिलिप्पी १:१५ [15]कोही मानिसहरू डाह र शेखीले अनि कसैले अरूलाई सहायता गर्ने इच्छाले ख्रीष्टलाई प्रचार गर्छन्।

दुइ तरिकाले खिष्टलाइ प्रचार गर्छन् । डाह र शेखीमा र अरुलाइ सहायता गर्ने इच्छमा

याकुब ३:१६ [16]जहाँ इर्ष्या अनि स्वार्थ छ त्यहाँ अव्यवस्थित अनि हरेक किसिमको दुष्टाँई हुन्छन्।

जहाँ इर्ष्या हुन्छ त्यहाँ हर किसिमको दुष्टाइ हुन्छ ।

उत्पत्ति १३:९[9]हामी अलग-अलग बसौं र तँ आफ्नो इच्छा अनुसार ठाउँ रोज, यदि तँ देब्रेतिर गइस् भने म दाहिने तिर जानेछु र यदि तँ दाहिनेतिर गइस् भने म देब्रेतिर जानेछु।
[6]अब्राम र लूतसित यति धेरै पशुहरू र सरसमानहरू भएकाले जग्गाको अभावले तिनीहरूलाई एकैठाउँ संगै बस्न असम्भव भयो।

उडाउ पुत्र मा पनि बाबालाइ थाहाँ थियो मैले उसको हिस्सा दिइन भने घरमा कलेश सुरु हुन्छ भनेर त्यसैले बाबाले छोरोलाइ उसले भने बमोजीम उसको हिस्सा दिए ।

[10]लूतले भूमि खोजे अनि यर्दन नदीको बेंसीमा चाँहि पानी प्रशस्त भएको पाए। (यो परमप्रभुले सदोम र गमोरा ध्वंश पार्नु भन्दा अघिको कुरो हो। त्यस समयमा सोअरपट्टी यर्दनको बेंसी परमप्रभुको बगैंचा जस्तै थियो। यो भूमि मिश्रदेशको झैं राम्रो थियो।) [11]यसर्थ लूतले आफू बस्नको निम्ति यही भूमि रोजे र ती दुइ व्यक्तिहरू छुट्टीए अनि लूतले पूर्वतिर यात्रा शुरू गरे। [12]अब्राम कनान भूमिमा रहे भने लूत बेंसीको शहरहरूमाझ बसे। लूत सदोमतिर निकै पर दक्षिणपट्टी गए अनि त्यही आफ्नो पाल बनाए। [13]सदोमका मानिसहरू परमप्रभुको नजरमा अत्यन्तै दुष्ट थिए।

संसारीक मान्छेले आखाँले हेर्दा खेरी जमीन मात्र हेर्छन् मान्छेलाइ हेर्दैनन् । हामीले हाम्रो नानीहरुको कलेज चुन्दा खेरी खाली जमीन हाइफाइ मात्र हेर्छौ तर त्यहाँ को मान्छेहरु को वातावरण हेर्दैनौ । परमेश्वर जमिन हेर्नु हुन्न परमेश्वर मान्छे र मान्छेको हृदय हेर्नुहुन्छ ।

१ कोरिन्थी १:१० [10]हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म विनयपूर्वक भन्दछु, दाज्यू भाइहरू र दिदी-बहिनीहरू हो, तिमीहरू आपसमा मिलेर बस जसले गर्दा तिमीहरूको बीचमा फाटो नआवोस्। एउटै विचार र एउटै उद्देश्य लिएर तिमीहरू एक भई बस भन्ने मेरो विन्ती छ।

११:१९ [19]तिमीहरूको बीचमा फाटो आउनु आवश्यक छ, त्यसले तिमीहरू मध्ये को चाँहि वास्तविक विश्वासी हो थाहा हुन्छ।

झगडा हुन पनि जरुरी छ । त्यसले को असल बिश्वासी चिन्न सकिन्छ । अब्राहाम र लुतको झगडा भयो र अन्तमा अब्राहाम को असल बिश्वास बाहिर आयो । यसरी इस्मायल र इसहाकमा परमेश्वरलाइ चुन्ने इसहाक हो । त्यसैगरी एसाब र याकुब को बिचमा झगडा हुन्छ । परमेश्वरलाइ चुन्ने याकुब हो एसाब होइन । युसुफ र उसको भाइहरु को बिचमा झगडा हुन्छ परमेश्वरलाइ चुन्ने युसुफ हो उसको भाइहरु होइन । बर्णबास र पावल को बिचमा लडाइ भयो त्यस पछि बर्णवास को कुनै कुरा बाइबलमा लेखेको छैन । यहाँ परमेश्वरलाइ चुन्ने पावल हो । प्रेरितहरुको सिद्धान्त भनेको परमेश्वर को जीवन हो त्यसको माथि झगडा हुनुपर्छ । कोहि कोहि बेला परमेश्वर को न्याय हुदा खेरी दुइ ग्रुप हुन्छ संसारीक ग्रुप र आत्मिक ग्रुप पछि थाहाँ हुन्छ परमेश्वरलाइ कुन ग्रुपले चुनेको थियो । संसारीक ग्रुपलाइ परमेश्वरले निकाल्नु हुन्छ । किनभने यो संसार परमेश्वर को बिरुद्धमा हो ।

१ कोरिन्थी ३:१४-१५ [14]त्यही जगमाथि उभ्याएको कुनै व्यक्तिको भवन यदि रह्यो भने, उसले त्यसको निम्ति इनाम पाउनेछ।
[15]तर त्यो भवन जल्यो भने, उसले नोक्सान खप्नु पर्नेछ। उसलाई बचाइनेछ तर उ आगोबाट फुत्के झैं हुनेछ।

हाम्रो सबै काम एक दिन आगो द्धारा जाचँ गरिन्छ । हाम्रो काम संसारीक भयो भने हाम्रो काम सबै आगो द्धारा नष्ट हुनेछ जसरी लुतको भयो । उसको पत्नि पनि नष्ट भइन् ।

२ पत्रुस २:७-८ [7]तर परमेश्वरले ती नगरहरुबाट लूतलाई बचाउनु भयो। लूत खुबै असल मानिस थिए। नराम्रा मानिसहरुको फोहोर जीवनको कारण तिनले कष्ट पाए।
[8]लूत एक असल मानिस थिए, तर तिनी प्रतिदिन ती दुष्ट मानिसहरुसंग बसेका थिए। लूतको असल हृदय तिनले दिनहु देखेका अनि सुनेका नराम्रा कुराहरुमा दुखी भएको थियो।

यो दुइ वटा पद बचनमा थिएन भने हामीलाइ थाहाँ हुने थिएन कि लुत बिश्वासी थियो भनेर । लुत अलग भएर संसारमा परमेश्वरको गवाहि बन्नको लागी गएको थिएन संसारमा उन्नती पाउनको लागी गएका थिए । हामीलाइ थाहाँ छ सदोम को मान्छे कस्ता थिए । सदोम मा परमेश्वर हुनुहुन्नथ्यो  उनीहरु को लागी पैसा थियो मुख्य ।

इजकियल १६:४९ [49]परमप्रभुले भन्नुभयो, "तिम्रो बहिनी सदोम अनि उसको छोरीहरू घमण्डी थिए। तिनीहरूसित आवश्यकता भन्दा ज्यादा खाने कुरा थियो अनि तिनीहरूसित समय पनि ज्यादा थियो। तिनीहरूले दीन अनि असहाय मानिसहरूलाई सहायता गर्दैनथिए।

सदोम हठि थियो । सदोममा घमण्ड थियो । पेटभरी खान्थे उपवास बस्दैनथे । त्यसको साथै लापरवाहि को जीवन जीउथे । पैसा नै पैसा भएको कारण लापरवाही को जीवन जीउथे । उनीहरु को जीवनमा कुनै उदेस्य थिएन । बिश्वासीहरु को जीवनमा  एउटा अनन्त कालको उदेस्य हुन्छ । पावल अमिर थियो तर हठि थिएन । परमेश्वरले नम्र मान्छेलाइ मात्र सिकाउनु हुन्छ ।

युहन्ना १७:१६ [16]तिनीहरू संसारका होइनन् जस्तो कि म पनि यस संसारको होइन।

येशुले भन्नुभयो तिमीहरु यो संसारको होइनौ जसरी म यो संसारको होइन । अब्राहाम यो संसारको होइन जसरी येशु यो संसार को हुनुहुन्न ।

१७ [17]तपाईंको सत्यद्वारा तिनीहरूलाई आफ्नो सेवामा राख्न तयार पार्नुहोस्। तपाईंको वचन सत्य हो ।

संसारको नहुनको लागी हाम्रो बचन द्धारा मन को परिवर्तन हुनुपर्छ । हाम्रो सोच बिचार सबै परमेश्वर को जस्तो हुनुपर्छ । संसारको जस्तो होइन । अब्राहाम र लुत काका भतिजा दुबै जना मिश्र देस बाट आए जब उनीहरु को बिचमा समस्या आउदा खेरी एउटा को सोच र अर्को को सोच अलग भयो । अब्राहाम ले भन्यो तिमी नातेदार हौ हामी दुइ जना बिचमा झगडा हुनुहुदैन त्यसैले तिमी चुन भनेर भन्यो । तर लुतले आखाँ उठाएर हेरे अनि जुन जगा हरा बरा छ त्यहि नै रोजे । उनले भनेनन् तपाइ त मेरो बौ समान को मान्छे तपाइले मलाइ यत्रो शाल हेरचाह गर्नुभयो तपाइ चुन्नु भनेर भनेनन् । हाम्रो चिन्ता बिचार सबै परमेश्वर को बचन अनुसार हुनुपर्छ । अब्राहाम को बिचार परमेश्वर को बिचार हो तर लुतको बिचार संसारको हो त्यसैले परमेश्वरले यि दुइलाइ अलग गरिदिनुभयो ।

१८ [18]जसरी तपाईंले मलाई संसारभित्र पठाउनु भयो त्यसरी नै मैले तिनीहरूलाई संसारभित्र पठाएकोछु।

हाम्रो हृदयलाइ पुरै रुपमा संसार बाट अलग गरेर हामीलाइ संसारमा पठाइएको छ । हामी नन स्टीकि तावा जस्तै हुनु पर्छ । जे पकाए पनि नटासिने ।त्यसैगरी संसारमा जाहाँ गए पनि त्यसलाइ घर भित्र अर्थात हाम्रो हृदयमा टासिन दिनु हुदैन ।

१९ [19]अब म स्वयंलाई सेवा गर्न तयार पारिरहेछु। यो म तिनीहरूकै लागि गर्छु ताकि साँचो रूपमा तिनीहरू तपाईंको सेवा गर्न तयार होउन्।

येशुले सिकाउनु मात्र भएन उनीहरुलाइ गरेर देखाउनु पनि भयो । येशु बिहानै बिहान आफ्नो पिता कहाँ गएर आफुलाइ सुद्ध पार्नुहुन्थ्यो ।

१ तिमोथी ६:९ [9]तर मानिसहरू जो धनी हुन चाहन्छन् ती लोभमा फँस्छन् अनि जालमा पर्छन्। तिनीहरू मूर्खतापूर्ण अनि हानिकारक चाहनाको विकाश गर्ने कुरा गर्छन्। जुन कुराहरूले तिनीहरूलाई ध्वंश अनि नष्ट बनाउँदछ।

धनी हुने इच्छा गर्नेहरु नासमा पर्छन् । लुतले धनी हुने इच्छा गरे धेरै जनाले धनको उपयोग गर्न सक्दैनन् । येशुले भन्नुभयो दुइ मालिकको सेवा गर्न सकिदैन एउटा पैसा र अर्को परमेश्वर  । उहाँले यो भन्नुभएन कि सैतान र परमेश्वर कोहि पनि सैतान को सेवा गर्न चाहदैनन् । लुतलाइ पैसाले तानेर लान्छ ।

मत्ति ६:३१-३३ [31]यसर्थ फिक्री गर्दै यसो नभन, 'हामी के खाऔंला? वा हामी 'के लगाउँला?
[32]परमेश्वरमा विश्वास नगर्नेहरूले मात्रै यी कुराहरू पाउने इच्छा गर्दछन्। यसकारण फिक्री नगर, किनभने स्वर्गमा बस्नुहुने पिताले तिमीहरूलाई यी सबै थोकको आवश्यक छ भनी जान्नुहुन्छ।
[33]तिमीहरू अरू थोकभन्दा परमेश्वरको राज्य र उहाँको धार्मिकताको विषयमा इच्छा गर। तब उहाँले तिमीहरूलाई तिमीहरूले चाहेका यी जम्मै कुराहरू दिनुहुनेछ,

अन्य जातिहरु अस्थायी थोकहरु खोज्छन् जो बितेर जान्छ । तर हामी स्थायी परमेश्वर को राज्य खोज्छौ जो कहिले बितेर जादैन । हाम्रो परमेश्वर को राज्य हामीले खोज्यौ भने यो संसारको कुरा उहाँ हाम्रो जीवनमा दिनुहुन्छ त्यसको लागी फिकि नगर भन्नुहुन्छ । लुतलाइ चुन्ने अधिकार मिलेको थिएन । पहिला बाजे तेरह को अगुवाइमा हिडेको थियो । बाजे मरे पछि अब्राहाम को अगुवाइमा हिडेको थियो । जब उसले चुन्ने समय आयो । जब अब्राहामले तिमी चुन् भन्दा लुतले संसार को थोकलाइ चुन्यो । जसको कारण उसले आफु संग भएको सबै थोक गुमाउनु पऱ्यो । यति सम्म कि आफ्नो नानीहरु र श्रीमती सबै गुमाए । अब्राहाम र लुतको जीवनमा फरक यो थियो कि अब्राहाम को जीवनमा बेदी थियो र उनले कुवाहरु खनेका थिए । तर लुत को जीवनमा बेदी थिएन र साथै उनले कहिले पनि कुवाहरु खनेनन् । अब्राहामको आउने पुस्ताहरुले पनि कुवा खन्न सिके र अब्राहामले खनेको कुवा बाट पानी पिए । लुतका संन्तानले कुवा खन्न सिकेनन् लुतले परमेश्वरमा प्रार्थना गरेको नदेखेकोले जब समस्या आयो लुतका छोरीहरुले सदोममा जे देखेका थिए त्यहि गरे । त्यसैले उसका संन्तान परमेश्वर को पास गएर केहि कुरा पनि माग्दैनन् । प्रार्थना छैन बेदी छैन ।अब्राहाम को घरमा त्यतिका दिन बसेर पनि उसको जीवनमा केहि प्रभाव थिएन । त्यसैले हामीले काम गर्ने जगामा हाम्रो मण्डली घुसाउनु पर्छ । हाम्रो मण्डलीमा काम गर्ने जगा घुसाउनु हुन्न । युसुफले आफ्नो बाबा को घरमा परमेश्वरको बारेमा सिकेको कुराहरु पोतिफर को घरमा लिएर गयो । जसको कारण यो केटा संग उ जाहाँ गए पनि परमेश्वर उ संगै हुनुहुन्थ्यो । लुतले जाहाँ गए पनि सदोमलाइ लिएर गए ।

उत्पत्ति १३:१२ [12]अब्राम कनान भूमिमा रहे भने लूत बेंसीको शहरहरूमाझ बसे। लूत सदोमतिर निकै पर दक्षिणपट्टी गए अनि त्यही आफ्नो पाल बनाए।

[13]सदोमका मानिसहरू परमप्रभुको नजरमा अत्यन्तै दुष्ट थिए।

संसार को उन्नति को लागी हामी जति टाढाँ पनि जान तयार हुन्छौ तर परमेश्वर को लागी हामीलाइ नजिक पनि टाढाँ हुन्छ ।

१ युहन्ना ५:१९ [19]हामीलाई थाहा छ कि हामी परमेश्वरका हौं। तर दुष्टले सारा संसारलाई नियन्त्रणमा राख्छ।

हामीले जान्नुपर्छ कि हामी संग परमेश्वर हुनुहुन्छ । यदि हामी संग परमेश्वर हुनुहुन्छ भनेता संसार हाम्रो होइन संसार दुष्ट को हो । त्यसैले संसार संग हामी बच्नु पर्छ । पुरानो नियममा दुष्टको ससार सदोम , यरीयो , बेबिलोन

प्रकाश १८:१-५ ब मैले स्वर्गबाट तल झर्दै गरेको अर्को स्वर्गदूतलाई देखें। यो स्वर्गदूतको महाशक्ति थियो। त्यस स्वर्गदूतको महिमाले पृथ्वी उज्यालो भयो।
[2]त्यो स्वर्गदूत जोडले करायो"उसको संहार भयो। बेबिलोन महानगर संहार भयो! उ अशुद्ध आत्माको बासस्थान बनियो उ हरेक दुषित आत्मा बस्ने स्थान बनियो। उ सबै किसिमका अस्वच्छ पंक्षीहरु बस्ने नगर बनियो। उ हरेक अस्वच्छ औ घृणित पशुहरुको नगर बनियो।
[3]पृथ्वीका समस्त राष्ट्रहरुले उसको व्यभिचारको अनि परमेश्वरको प्रकोपको दाखरस पिएका छन्। पृथ्वीका राजाहरुले उसित व्यभिचारी पाप गरेकाछन्। अनि संसारका व्यापारीहरु उसको भोग विलासको सम्पत्तिबाट धनी बनेका छन्।"
[4]त्यसपछि मैले स्वर्गबाट अर्को आवाजमा भन्दै गरेको सुने"मेरा मानिसहरु, त्यस नगरबाट बाहिर निस्क जसद्वारा तिमी उसको पापमा सहभागी हुने छैनौ। तब उमाथि थोपरिएको कुनै पनि कष्ट तिमीले भोग्ने छैनौ।
[5]त्यो नगरको पाप आकाश सम्म थाक लागेको छ। त्यसले गरेको अपराध परमेश्वरले बिर्सनु भएको छैन।

परमेश्वरले हामीलाइ यो दुष्ट संसार बाट बाहिर आ भन्नुभयो ।

रोमी १२:१-२ यसैले दाज्यू-भाइहरू र दिदी-बहिनीहरू, केही गर भनेर म बिन्ती गर्दछु। परमेश्वरले हामीलाई ठूलो दया देखाउनुभयो। यसकारण परमेश्वरलाई प्रसन्न गर्दै आफ्नो जीवनलाई जीवित बलिदानको रूपमा अर्पण गर। यही तिमीहरूको आत्मिक उपासना हो।
[2]सांसारिक स्तरमा आफूलाई परिवर्तन नगर। तर विचारको नयाँ बाटो अप्नाएर आफूलाई आन्तरिक रूपले परिवर्तन गर। अनि त्यसपछि तिमीहरू राम्रो के हो, उहाँलाई के मन पर्छ र सम्पूर्णता के हो, आफै परमेश्वरको इच्छा पत्ता लाउन सर्मथ हुने छौ।

लुतले कहिले पनि उसको शरीर परमेश्वरको लागी समर्पण गरेको थिएन । त्यसैले उसको मनको परीबर्तन हुन सकेन । त्यसै गरी हामी पनि मण्डलीमा जान सक्छौ तर यदि हामीले हाम्रो शरीर समर्पण गरेका छैनौ भने हाम्रो मनको परीबर्तन हुन सक्दैन । अब्राहामले आफ्नो शरीर समर्पण गरेको कारण बिस्तारै बिस्तारै परमेश्वरले उसको जीवनमा काम गर्नु भयो । बेदीमा सबै भन्दा पहिला समर्पण हुन्छ । बिहान बिहान यो शरीर उठाएर प्रार्थना गर्ने जगामा जानु र त्यहाँ समय परमेश्वर संग बिताउनु यो शरीर को समर्पण हो । शरीर बलिदान नगरेको बिश्वासीलाइ परमेश्वर को असल इच्छा उसको जीवनमा के हो थाहाँ हुदैन ।

उत्पत्ति १३:१४-१५ [14]लूत गएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, "आफ्नो वरिपरि हेर, उत्तर, दक्षिण पूर्व, पश्चिमतिर हेर।
[15]किनभने म तिमीलाई सम्पूर्ण भूमि दिनेछु जो तिमो आफ्नो आउँदो पुस्ताकोलागि हुनेछ अनि यो सदाका लागि तिमो भूमि हुनेछ।

लुत अलग भए पछि परमेश्वर अब्राहाम संग बोल्नुभयो । लुत भनेको संसार हो । जब हाम्रो शरीर बाट संसार हटेर जान्छ । परमेश्वर हाम्रो जीवन देखी काम गर्न शुरु गर्नुहुन्छ । यदि म मेरो शरीर हर दिन आत्मिक उपासनाको रुपमा समर्पण गर्छु भने परमेश्वरको आवाज म सुन्न सक्छु । यदि हामीले बेदी बनाएका छैनौ भने हामी हाम्रो शरीरलाइ बलिदान गर्न सक्दैनौ र यदि हामीले हाम्रो शरीर हरदिन परमेश्वरको उपासनाको रुपमा बलिदान गर्दैनौ भने हाम्रो मन सांसारीक नै हुन्छ । त्यसपछि हामी ले यो संसार बेबिलोन

लिएर मण्डलीमा आउछौ । आमोन मोआब भन्ने देश छैन । इजरायल भन्ने देश मात्र छ । येशु यो संसारमा १००० शाल राज्य गर्न आउदा इज्रायल को सिमा युफेटिस देखि नाइल सम्म हुन्छ । प्रतिज्ञा प्रतिज्ञा हो । त्यसैले यैशुले यो संसार बाट जान भन्दा पहिला उहाँको अन्तिम आज्ञा यो हो की तिमीहरुले प्रभु भोज अक्सर लिने गर र साथै लुतको श्रीमतीलाइ याद गर । आमेन

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद ,धन्यबाद प्रभु हामीलाइ यो संसारको संसारको थोक , संसारको पैसा , संसारको नाम , संसारको शक्ति संसारको बिलासिता मोज मज्जा सबै थोक बाट बचाउनुहोस् । प्रभु हजुर को राज्य , धार्मीकता , हजुर को नाम खोज्ने बनाउनुहोस् । हाम्रे जीवनमा अब्राहामको जस्तै हामीले बेदी बनाउन सकौ र हर दिन आप्नो शरीरलाइ तपाइलाइ मन पर्ने उपासनाको रुपमा बलिदान गर्ने छोरा छोरी बनाउनुहोस् । यो सबै बिन्ति प्रार्थना येशु प्रभुको नाममा आमेन ।*